मिति २०७५/०६/२२ र २३ गते बसेको नगर शिक्षा समितिको बैठकका निर्णयहरु

निर्णय नं. १

शिक्षा समितिको मिति २०७५।०३।३१ गतेको निर्णयानुसार नगर शिक्षा नियमावली, २०७४ बमोजिम न्यूनतम भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्न नि. प्रमुख प्रशासकीय अधिकृत श्री रामबहादुर के. सी.को संयोजकत्वमा गठित प्रतिवेदन समितिले तोकिएको अवधिभित्र नगरपालिकाभित्रका सबै विद्यालयहरुको स्थलगत अध्ययन अवलोकन गरी तयार पारेको प्रतिवेदनमा थप अध्ययन गरी प्रतिवेदनलाई अन्तिम रुप दिने र अर्को नगर शिक्षा समितिको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

बालबालिकाको उपस्थिति, सहयोगी कार्यकर्ताको खटनपटन, बालबालिकाहरुको सिकाई उपलब्धी, प्रधानाध्यापक र अभिभावकको राय समेतको आधारमा यस नगरपालिकाभित्र रहेका बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको न्यूनतम तलब बाहेक थप प्रोत्साहन भत्ताका लागि यथार्थ कार्यसम्पादन मूल्यांकन गरी सिफारिस गर्न शैक्षिक सुधार कार्यक्रमका स्रोत शिक्षक मुक्तिप्रसाद रिजालको संयोजकत्वमा मान बहादुर बटाला, सृजना शाह र मानबहादुर चन्द सदस्य रहेको एक कार्यदल गठन गर्ने र सोही कार्यदलको सिफारिसमा मापदण्ड अनुसारको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

वडा नं. ९ स्थित कालिका मा.वि. सुन्दरपानी, बालकल्यान मा.वि. राडीज्यूला, दिपज्योती आ.वि. राडीज्यूला, शहिद स्मृति नमूना मा.वि.राडिज्यूला शिक्षा क्याम्पस लगायतका शैक्षिक संस्थाहरुमा रहेको व्यथिति एवम् अनुशासनहिनताको अवस्थालाई अन्त्य गर्नको लागि सुझाव पेश गर्न, कालिका मा.वि. सुन्दरपानीमा प्रचलित कानून अनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न, समन्वयात्मक रुपले कार्य गरी विद्यालय व्यवस्थापन समिति गठनमा सहजीकरण गर्न, उल्लेखित विद्यालयहरुमा आन्तरिक नियन्त्रण र व्यवस्थापन प्रणाली कमजोर हुनको कारण अध्ययन अनुसन्धान गरी पहिचान गरेर प्रतिवेदन पेश गर्न, शहिद स्मृति नमूना मावि र दिपज्योती आधारभूत विद्यालयलाई उपयुक्त स्थानमा सञ्चालन र व्यवस्थापन गर्न आवश्यक सुझाव दिन वडा नं. ९ का वडाअध्यक्ष श्री तारक बहादुर शाहीको संयोजकत्वमा रवि के.सी., मुक्तिप्रसाद रिजाल र मानबहादुर बटाला सदस्य रहेको

कार्यदल गठन गर्ने र उक्त कार्यदलले दशैं तिहार पछिको विदा पश्चात  विद्यालय खुलेको ५ दिनभित्र नगरपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

स्वयमसेवक करार, राहत, अस्थायी शिक्षक पदमा कार्यरत शिक्षकहरुको हालसम्मको कार्यसम्पादन मूल्यांकन प्रतिवेदन सम्बन्धित सबै विद्यालयहरुबाट माग गर्ने र कार्यसम्पादन मूल्यांकन प्रतिवेदनको आधारमा करार स्वयमसेवक शिक्षकहरुको म्याद थप्ने वा नथप्ने निर्णय गरिने र कार्य सम्पादनस्तर राम्रो भएका स्वयमसेवक करार शिक्षकहरुलाई भैपरी आउने र पर्व विदा अन्य शिक्षक सरह दिने निर्णय गरियो ।

निर्णय नं. ५

नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिक नेपाल नामक संस्थासँग समन्वय गरी शिक्षा युवा तथा खेलकूद शाखाले मिक नेपाल नामक संस्थाले शैक्षिक सामग्री वितरण नगरेका बालविकास केन्द्रहरुमा शैक्षिक सामग्री उपलब्ध गराउने एवम् बालबालिकाहरुको Height & weight नियमित रुपमा नापजाँच गरी पोषणको अवस्था थाहा पाउन सम्बन्धित स्वास्थ्य संस्था एवम् गाउँघर क्लिनिक मार्फत उक्त कार्य गर्न Height & Weight machine खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

लोककल्याण आ.वि. सना र साईराम आ.वि. घोरीलासको रोक्का खाता सम्बन्धित विद्यालयले नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गरेको जानकारी प्राप्त हुने वित्तिकै फूकुवा गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

मिदास एजुकेशनल कन्सल्टेन्सीको प्राविधिक सहयोग र नगरपालिकाको आर्थिक सहयोगमा सञ्चालित शैक्षिक सुधार परियोजनामा कार्यरत स्थायी शिक्षकमध्येबाट छनौट भएका प्रशिक्षकहरुलाई मासिक रु ५००० व्यवस्थापन खर्च उपलब्ध गराउने र सहजकर्ताहरुको हकमा नगरपालिकाको स्वीकृत मापदण्डअनुसार आधारभूत तह कक्षा १ देखि कक्षा ५ सम्मको हकमा रु ३००० व्यवस्थापन खर्च सहित रु १८००० मासिक पारिश्रमिक र कक्षा ६ देखि ८ सम्मको हकमा रु ३००० व्यवस्थापन खर्च सहित रु २३००० मासिक पारिश्रमिक उपलब्ध गराउने एवम् निजहरुलाई सुरुमा खटिएको दिनदेखि लागू हुने गरी ६ महिनाको लागि नियुक्ति दिने निर्णय गरियो ।साथै शैक्षिक सुधार परियोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

नगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार भेरी प्राविधिक शिक्षालय नेपालगञ्ज र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा छात्रवृत्तिको लागि छनौट भएका ५ जना छात्रछात्राहरुलाई शिक्षा, युवा तथा खेलकूद शाखाबाट पेश भएको टिप्पनी आदेश अनुसार छात्रवृत्ति उपलब्ध गराउने, नगरपालिकाको ऋण अनुदानमा पाइलोट कोर्स अध्ययन गर्नको लागि छनौट भई फिलिपिन्स गएका वडा नं. ५ निवासी छात्र ललित भण्डारी र वडा नं. १० निवासी छात्र गोविन्द के. सी.लाई अध्ययन गर्ने Institute ले पेश गरेको खर्च तालिकाअनुसार पहिलो चरणमा आठविसकोट बचत तथा ऋण सहकारी मार्फत ऋण प्रवाह हुने गरी शैक्षिक ऋण सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेखित प्रावधान अनुसार वार्षिक ८ प्रतिशत व्याजदर कायम हुने गरी जनही पन्ध्र/पन्ध्र लाख ऋण उपलब्ध गराउने निर्णय गरियो ।नगरपालिकाबाट प्रकाशित सूचना अनुसार तोकिएको अवधिभित्र ऋण प्राप्त गर्नको लागि पेश भएका निवेदनहरुमाथि आवश्यक छानविन गरी निर्णय गर्न छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७४ मा व्यवस्था भएको छात्रवृत्ति निर्धारण समितिमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिकाभित्रका विद्यालयहरुमा कक्षा १० मा अध्ययन गरिरहेका छात्रछात्राहरु SEE परिक्षाको लागि नगरपालिका बाहिर जानुपर्ने बाध्यतालाई अन्त्य गर्न श्री नेपाल राष्ट्रिय मा.वि. गत्तसैनामा नयाँ परिक्षा केन्द्र थप गर्न र हिमालय मा.वि. खदिबाट SEE परिक्षा दिने छात्रछात्राहरुको परिक्षा केन्द्र बालकल्याण मा.वि. आठविसकोटमा कायम गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

प्रत्येक वडाबाट १/१ जना र नगरपालिकाबाट ५ जना रहने गरी १९ सदस्यीय नगरस्तरिय खेलकूद विकास समिति गठन गर्ने र सो प्रयोजनका लागि वडा कार्यालयलाई पत्राचार गरी यही कार्तिक ९ गतेभित्र वडा कार्यालयले छनौट गरी समितिमा रहने पदाधिकारीहरु पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

शहिद स्मृति नमूना माविमा कार्यरत शिक्षकहरुको अतिरिक्त समय काम गरेवापतको अतिरिक्त समय भत्ता सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय समेतलाई विश्लेषण गरी २०७५ असोज

मसान्तसम्मको अतिरिक्त समय खटिए वापतको अतिरिक्त समय भत्ता नगर कार्यपालिकाको निर्णयानुसार नगरपालिकाले व्यहोर्ने र आगामी दिनको अतिरिक्त समय भत्ता विद्यार्थीहरुबाट विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार थप कक्षा वापतको सुहाउँदो अतिरिक्त शुल्क लिई व्यहोर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u>

नगर सभा एवम् नगर कार्यपालिकाबाट पारित नगर शिक्षा ऐन २०७४, नगर शिक्षा नियमावली २०७४ र शिक्षा सुधार कार्ययोजना २०७४ विपरित गैर कानूनी ढङ्गले नगरपालिकाबाट अनुमति नलिई कक्षा ८, ९, १०, ११, १२ का विद्यार्थीहरुलाई केन्द्रित गरी नगरपालिकाको समग्र शैक्षिक सुधार प्रयासलाई चुनौति दिने गरी वडा नं. ९ स्थित राडीबजारमा गुणस्तरिय शैक्षिक सुधार केन्द्र र ऐ वडाको कालिका मा.वि. सुन्दरपानीका विद्यार्थीहरुलाई केन्द्रित गरी सोही ठाउँमा शैक्षिक सुधार केन्द्रको नाममा सञ्चालित ट्युशन तथा कोचिङ सेन्टरहरु एवम् अन्य स्थानहरुमा सञ्चालित ट्युशन तथा कोचिङ सेन्टरहरु पूर्ण रुपमा बन्द गरी गराई उक्त कार्यमा संलग्न सञ्चालकहरुलाई तत्काल कानून बमोजिम प्रमुख प्रशासकिय अधिकृत मार्फत कारवाही गर्ने, आफू कार्यरत विद्यालयमा अध्यापन नगराई ती ट्युशन तथा कोचिङ सेन्टरमा अध्यापन गर्ने एवम् गराउने शिक्षकहरुलाई तत्काल पदबाट निलम्वन गरेर विस्तृत छानविन गरी छानविन प्रतिवेदनको आधारमा आवश्यक कारवाही गर्ने, आफू कार्यरत विद्यालयमा अध्यापन नगराई ट्युशन तथा कोचिङ सेन्टरमा अध्यापन गराउने शिक्षकहरु कार्यरत विद्यालयका खाताहरु रोक्का राखि छानविन प्रतिवेदन पश्चात आवश्यक निर्णय गर्ने, बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सम्बन्धित विद्यालयमा नै उत्कृष्ट शैक्षिक उपलब्धि हासिल गर्ने हेतुले अतिरिक्त कक्षा सञ्चालन गर्न सकिने प्रावधान वाहेक अन्य निजि क्षेत्रबाट बालविकास केन्द्र, कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुलाई केन्द्रविन्दुमा राखि नगरपालिकाको अनुमति वेगर कुनै पनि प्रकारका ट्युशन तथा कोचिङ कक्षाहरु नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न नपाईने कानूनी व्यवस्थाको सम्बन्धमा सरोकारवाला सबैलाई सचेत गराउने निर्णय गरियो ।

<u>निर्णय नं. १३</u>

विशेष परिस्थिति बाहेक अन्य अवस्थामा कुनै विद्यालयको कुनै पनि तहमा सट्टा शिक्षक राख्न नपाईने निर्णय गरियो ।तर विशेष परिस्थितिमा सट्टा शिक्षक राख्नु पूर्व विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकाबाट अनुमति लिनुपर्ने छ र उस्तै क्षमता, योग्यता र विषय मिल्ने गरी मात्र सट्टा शिक्षक राख्न सकिनेछ ।

**स्पष्टिकरण** :- विशेष परिस्थिति भन्नाले गम्भीर किसीमको रोग लागि विरामी भई उपचार गर्नुपर्ने अवस्था, सुत्केरी अवस्था, आपतकालिन अवस्था लगायतको कामू वाहिरको परिस्थितिलाई बुझाउँदछ ।

साथै स्वीकृत दरवन्दी बाहेक नगरपालिकाको अनुमति वेगर कुनै पनि करार शिक्षक विद्यालयहरुले भर्ना गर्न नपाईने, नगरपालिकाको अनुमतिमा शिक्षक भर्ना गर्दा अनिवार्य रुपमा सबैले थाहा पाउने गरी सम्बन्धित विद्यालय, वडा कार्यालय- नगरपालिका कार्यालयको सूचना पाटी एवम् Website मा उक्त सूचना प्रकाशन भएको मितिदेखि नै टाँस्ने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनु पर्ने निर्णय गरियो ।